नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

पत्र संख्याः

चलानी नं.

## प्रेस विज्ञप्ति

**बहुक्षेत्रीय पोषण योजना- तेस्रो (२०८०/८१- २०८७/८८) को सार्वजनिकीकरण**

"कुपोषणको अन्त्य, मानवपुँजी निर्माण र समग्र सामाजिक आर्थिक विकास" गर्ने दीर्घकालीन सोच सहित तर्जुमा भएको बहुक्षेत्रीय पोषण योजना- तेस्रो (२०८०/८१- २०८७/८८) आज मिति २०८१ असोज २ गते राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष एवम् उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका अध्यक्ष प्रा.डा. शिवराज अधिकारीज्यूबाट विशेष कार्यक्रमका बीच सार्वजनिकीकरण गरियो। उक्त योजना सार्वजनिकीकरण कार्यक्रम राष्ट्रिय योजना आयोगका श्रीमान् सचिव मधु कुमार मरासिनीज्यूको अध्यक्षतामा आयोजना गरिएको थियो। यस कार्यक्रममा आयोगका माननीय सदस्यज्यूहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव श्री राजकुमार श्रेष्ठज्यू, सातै प्रदेशका प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष तथा सदस्यज्यूहरु, विकास साझेदार संस्थाका प्रतिनिधिज्यूहरु लगायतले संयुक्त प्रतिबद्धता व्यक्त गर्दै सामूहिक रुपमा सार्वजनिक गर्नुभएको थियो।



यस कार्यक्रममा तीनै तहका सरकारका प्रतिनिधिहरुको उपस्थिति एवं जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका प्रतिनिधिहरू, पोषणसँग सम्बन्धित विषय विज्ञ, विषयगत मन्त्रालयका उच्चस्तरीय अधिकारीहरु, पोषण अभियन्ता, प्राज्ञिक व्यक्तित्वहरु साथै European Union, UNICEF, World Food Program, USAID, FCDO, KfW लगायतका विकास साझेदारहरुको समेत उपस्थिति रहेको थियो।

बहुक्षेत्रीय पोषण योजना पहिलो र दोस्रोको उपलब्धी, अनुभव र सिकाईको आधारमा तर्जुमा भएको यस योजनाले मानव जीवनकालमा देखिने सबै प्रकारको कुपोषण र त्यसको बहुनिर्धारक तत्त्व सम्बोधन गर्ने प्रभावकारी उपायको रूपमा प्रणालीगत पद्धतिलाई आत्मसात गरेको छ। प्रणालीगत पद्धतिको अभ्यासले पोषणयुक्त आहारको उपलब्धता, गुणस्तरीय पोषण सेवा प्रवाह, सकारात्मक पोषणको अभ्यासको प्रवर्द्धन एवम् अवलम्बनको लागि खाद्य प्रणाली, स्वास्थ्य प्रणाली, शिक्षा प्रणाली, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणाली र सामाजिक सुरक्षा प्रणालीलाई थप सुदृढ तथा जवाफदेही बनाउने अपेक्षा गरिएको छ। प्रणालीगत पद्धतिको सक्रियता र कार्यान्वयनको लागि पोषणमैत्री शासनलाई संस्थागत गर्ने र विकास साझेदारसँगको साझेदारी र सहकार्य गर्नुपर्ने आवश्यकतालाई अपरिहार्य ठानिएकोछ। योजनाले आवश्यकता अनुरूपको लक्षित कार्यक्रम कार्यान्वयनको दृष्टिकोण अवलम्बन गर्दै, विभिन्न वर्ग, क्षेत्र विशेषमा असमान देखिएको पोषण

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

पत्र संख्याः

चलानी नं.



अवस्थालाई सम्बोधन गर्न आवश्यकता र औचित्यको आधारमा पोषण सेवा विस्तार तथा लक्षित कार्यक्रम कार्यान्वयन गर्ने रणनीति लिएको छ। योजना कार्यान्वयनको अनुमानित लागत रु. एक खर्ब उनानब्बे अर्ब पैँतालीस करोड रहेको छ । जसअन्तर्गत पोषण विशेष, पोषण संवेदनशील तथा शासकीय प्रबन्ध क्षेत्रको नियमित क्रियाकलापको लागि विनियोजन हुँदै आएको बजेट र यस योजनाले निर्दिष्ट गरेका थप क्रियाकलापको लागि आवश्यक बजेट समेत समावेश गरिएको छ।

सार्वजनिकीकरण कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूले योजनाले लिएको लक्ष्य हासिल गर्न तीनै तहका सरकारले प्राथमिकताको साथ कार्य गर्ने विश्वास व्यक्त गर्नुभएको थियो। उहाँले हामी सबैको प्रयास, समन्वय र सहकार्यमा निर्माण भएको यस योजनामा उपस्थित सबैको प्रतिबद्धता र अपनत्वले मूर्तरुप लिने विश्वास व्यक्त गर्दै आयोग यसको कार्यान्वयनका लागि प्रतिबद्ध रहेको बताउनु भयो । यस्तै राष्ट्रिय योजना आयोगका सदस्य एवम् राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिका अध्यक्ष प्रा.डा.आर.पी.विच्छाज्यूले कुपोषणको दुष्चक्रबाट मुलुकलाई निकास दिनका साथै योजनाको कार्यान्वयनबाट दीगो विकास लक्ष्य-२०३०, वृद्धिका लागि पोषण, संयुक्त राष्ट्रसंघीय खाद्य प्रणाली सम्मेलन लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता पुरा गर्न समेत यस योजनाको महत्वपूर्ण भूमिका रहने व्यक्त गर्नुभएको थियो । यस योजनामा सरकार तथा सरकार बाहेकका पोषणका क्षेत्रमा क्रियाशिल सम्पूर्ण निकायहरु निजी क्षेत्र, नागरिक समाज, प्राज्ञिक वर्ग लगायत सबैका लागि सम्मानजनक स्थान रेहको हुँदा आ-आफ्नो क्षेत्रबाट श्रोत परिचालन, निरन्तर सहयोग र लगानी वृद्धि हुने अपेक्षा व्यक्त गर्नुभयो ।



कार्यक्रमको अध्यक्षता गर्नुभएका आयोगका सचिव श्री मधुकुमार मरासिनीले पोषण विषय सर्वाङ्गिण मानव विकासका लागि अपरिहार्य आवश्यकता रहेको विषय औल्याउनु भएको थियो । उहाँले यस योजना कार्यान्वयनमा श्रोत परिचालन र कार्यान्वयनमा सबै क्षेत्रको प्रतिबद्धता प्राप्त भएकोले नेपालको पोषण क्षेत्रको अवस्थामा सुधार हुने विश्वास व्यक्त गर्दै सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

फोन नं.: ४२११००४, ४२११०३२, ४२१११३२, ईमेलः npc@npc.gov.np, वेवसाईटः www.npc.gov.np